# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७८/०७९(शिक्षा)
च. न १४४६

मिति २०८०/०२/०३

**बिषयः लिड स्कुलका लागि प्रस्तावना पत्र पेश गर्ने वारेको सूचना ।**

**श्री सामुदायिक माध्यमिक विद्यालय सवै ।**

**जैमिनी नगरपालिका, बागलुङ ।**

प्रस्तुत बिषयमा यस नगरपालिकाको आ.व. २०७९/०८० को बार्षिक नगर बिकास योजना अन्तर्गत लिड स्कुल निर्माणका लागि आधार निर्माण कार्यक्रमका लागि **लिड स्कुल सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०८०** बमोजिम पेश भएका प्रस्तावना पत्र बमोजिम वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समितिको सिफारिस पत्र सहितको फाइलका आधारमा नगर प्रमुखको अध्यक्षतामा रहेको नगरस्तरीय लिड स्कुलको आधार निर्माण, सञ्चालन तथा व्यवस्थापन समितिबाट एउटा विद्यालयलाई लिड स्कुल छनौट गरी कार्यक्रम अगाडी बढाउने कार्यक्रम रहेकोले उक्त कार्यविधिको आधार र प्रकृया बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र यसैसाथ संलग्न कार्यविधि अनुसार प्रस्तावना पत्र सहितको फाइल तयार गरी वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समितिमा पेश गर्नुहुन र वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समितिले यो सूचना प्रकाशन भएको मितिले १२ दिन भित्र प्रस्ताव मुल्यांकन गरी एउटा वडाबाट १ माध्यमिक विद्यालयलाई लिड स्कुलमा छनौटका लागि कार्यविधिमा उल्लेखित तपसिल बमोजिमका कागजात संलग्न राखि सिफारिस सहितको फाइल पेश गर्ने प्रयोजनका लागि यो सुचना प्रकाशन गरिएको छ । नगरपालिका भित्रका सबै माध्यमिक विद्यालयका प्र.अ. हरुले यसैसाथ संलग्न कार्यविधि अध्ययन गरी लिड स्कुल छनौटका लागि प्रकृया अगाडी बढाउन सूचना जारी गरिएको छ । म्याद नाघेपछि प्राप्त प्रस्तावना र सिफारिस उपर आवश्यक कार्वाही नगरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

तपसिल

**फाइलसाथ संलग्न हुनुपर्ने कागजातहरुः**

१. कार्यविधिको अनुसुची १ बमोजिमको लिड स्कुल छनौटको आवेदन पत्र,
२. लिड स्कुलको समग्र शैक्षिक गुणस्तर अभिबृद्धि सम्बन्धी प्रस्तावना,
३. विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रतिबद्धता,
४. शिक्षक स्टाफको प्रतिवद्धता सहितको निर्णय,
५. वडा स्तरीय विद्यालय छनौट तथा सिफारिस समितिको सिफारिस पत्र र
६. विद्यालयको लिड स्कुल सञ्चालनको लागि पञ्चवर्षीय कार्ययोजना

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ तथा कार्यार्थ**

श्री वडा अध्यक्षज्यू
१० वटै वडा कार्यालय,



Scanned with CamScanner

# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ

गण्डकी प्रदेश नेपाल

पत्र संख्याः २०७८/०७९(शिक्षा)
च. न १५५६

**मिति २०८०/०२/०३**

जैमिनी नगरपालिका, बागलुङ

-सम्बन्धित माध्यमिक विद्यालयका प्र.अ. सँग समन्वय गरी यसैसाथ संलग्न **लिड स्कुल सञ्चालन तथा व्यवस्थापन कार्यविधी,** २०८० बमोजिम कार्य र प्रकृया बमोजिम कार्य सम्पन्न गर्न आवश्यक सहजीकरण र समन्वय गरी तहाँवडाबाट लिड स्कुल छनौटका लागि १ माध्यमिक विद्यालयलाई सिफारिस र कागजात सहितको फाइल मिति २०८०।०२।१४ गते भित्र नगरपालिकामा पेश गर्नुहुन ।

चेतनाथ गिरि
प्रमुख प्रशासकीय अधिकृत

CS Scanned with CamScanner